



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ३ गते बिहीबार ❑ 19 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## एमाले र जसपाको विभाजनसँगै नयाँ दुई दल दर्ता

रासस
काठमाडौं, २ भदौ

नेपाल कम्युनिष्ट पार्टी एमाले औपचारिकरूपमा विभाजन भएको छ । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल निर्वाचन आयोग पुगेर नेकपा एमाले (समाजवादी) दल दर्ता गर्न निवेदन दर्ता गर्नुभएसँगै नेकपा एमालेको औपचारिकरूपमा विभाजन पुष्टि भएको हो ।

निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले नेकपा एमाले (समाजवादी) नामको दल दर्ताका निम्ति आयोगमा निवेदन दर्ता भएको जानकारी दिए । नेकपा एमाले (समाजवादी)मा साविक नेकपा एमालेका संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) का ३१ सांसद र ५८ केन्द्रीय सदस्य रहनुभएको नेता राजेन्द्रप्रसाद पाण्डेले जानकारी दिए। उक्त दलले माधव नेपालको अध्यक्षतामा





९५ सदस्यीय केन्द्रीय समितिको प्रस्ताव गरेको छ । उक्त दलले दर्ता गराएको निवेदनको दर्ता नम्बर ४३३ रहेको छ । आयोगमा बुधबारनै जनता समाजवादी पार्टी नेपाल (लोकतान्त्रिक) नामको नयाँ राजनीतिक दल दर्ताका लागि निवेदन दर्ता भएको छ । साविक जनता समाजवादी पार्टी विभाजनका क्रममा नयाँ दल दर्ता भएको हो । पुराना राजनीतिज्ञ महन्थ ठाकुरको अध्यक्षतामा गठित उक्त पार्टीको वरिष्ठ नेतामा राजेन्द्र महतोसहितको २४ सदस्यीय कार्यकारिणी समिति रहने छ। नयाँ दलमा साविक जसपाका १४ सांसद र १७ केन्द्रीय सदस्य रहेको जानकारी दिइएको छ। उक्त दलले दर्ता गराएको निवेदनको दर्ता नम्बर ४३४ रहेको छ। सरकारले राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश २०७८ बुधबार जारी गरेसँगै एकै दिन मुलुकको राजनीतिमा महत्वपूर्ण भूमिकामा रहेका एमाले र जसपा विभाजन भई नयाँ दल दर्ताको प्रक्रिया अघि बढेको हो।

## मादीमा लायन्स उद्यमी नमूना गाउँ बन्ने, पूर्व गृहमन्त्री अधिकारीद्वारा उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २ भदौ

लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ वि १ नेपालको यो वर्षको मुख्य कार्यक्रम लायन्स उद्यमी नमूना गाउँ बनाउने अभियान कास्कीबाट बुधबार शुभारम्भ भएको छ।

पूर्व गृहमन्त्री तथा संघीय सांसद खगराज अधिकारीको प्रमुख आतिथ्यतामा थाम, ल्हाम्जा-५ मादीमा लायन्स उद्यमी नमुना गाउँ उद्घाटन गरिएको हो । कार्यक्रमका प्रमुख अतिथी पूर्व गृहमन्त्री तथा संघीय सांसद खगराज अधिकारीले सामाजिक संस्था लायन्सले गरेका सेवा कार्यहरुको प्रसंसा गर्दै ल्हाम्जा-५ मादीमा नमुना उद्यमी गाउँ बनाउने लायन्सको अभियानलाई सबै मिलेर सफल बनाउनुपर्ने बताए। सो अवसरमा डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आर्चायले लायन्सले हरेक वर्ष बिभिन्न कार्यक्रमहरु





गरिरहेको तर समुदायमा त्यसले सकरात्मक प्रभाव पार्न नसकेको अनुभूति गरेर दीगो बिकाशको केही कार्यक्रम गर्ने उद्देश्यले यो वर्ष १४ वटा जिल्लाको १४ गाउँमा नमुना उद्यमी गाउँ बनाउने योजना ल्याएको बताए । लायन्सले गर्ने नियमित सेवाका कार्यसँगै नमुना उद्यमी गाउँ बनाउने यस अभियानमा सहकार्य गर्न सबैलाई आग्रह समेत गरे ।

लायन्स मोडेल भिलेज कास्कीका प्रमुख तथा कार्यक्रम संयोजक टिकाराम सापकोटाले उक्त गाउँमा लायन्सका सम्पूर्ण कार्यक्रम

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा मन्त्रीका लागि ३० बुँदे आचारसंहिता

पोखरापत्र संवाददाता
पोखरा, २ भदौ

गण्डकी प्रदेश सरकारले मन्त्रिपरिषद्का सदस्यका लागि ३० बुँदे आचार संहिता बनाएको छ । प्रदेश सुशासन ऐन २०७६ बमोजिम मन्त्रिपरिषद्का सदस्यको आचारसंहिता, २०७८ सम्बन्धी प्रस्ताव यही साउन ३२ गते बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार तथा विकासमन्त्री कुमार खड्काले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

मन्त्री पदमा कायम भइसकेपछि सदस्यले कस्तो आचारसंहिता, अनुशासन, जिम्मेवारी र कर्तव्य निर्वाह गर्ने भनेर आचारसंहिता बनाइएकाले सोहीअनुसार सम्पूर्ण मन्त्रीले आचरण गर्ने विश्वास सरकारले लिएको मन्त्री खड्काले बताउनुभयो । "अहिले विगतमा जस्तो एउटा दलको सरकार छैन, चार राजनीतिक दल तथा स्वतन्त्र सांसदको समर्थनमा सरकार बनेको छ", प्रवक्ता खड्काले भन्नुभयो, "पार्टीबाट को मन्त्री बन्योभन्दा पनि मन्त्रिपरिषद्का सदस्यले मुख्यमन्त्रीको आदेश र निर्देशनको पालना गर्दै अनुशासनमा बस्नुपर्ने भएकाले सरकारले आचारसंहिता बनाएको छ ।" सरकारले स्वीकृत गरेको आचारसंहितामा मन्त्रीले कास्की जिल्ला बाहिर जानुपर्दा वा विदेश भ्रमणमा जानुपूर्व मुख्यमन्त्रीको स्वीकृति लिनुपर्ने र भ्रमणको सम्बन्धमा राष्ट्रको नाममा प्राप्त हुने दान, पुरस्कार वा उपहार सरकारलाई बुझाउनुपर्ने उल्लेख छ । यसैगरी मन्त्रिपरिषद्मा वा मन्त्रिपरिषद्का सदस्यका बीचमा भएको वा हुने कुनै विवाद सञ्चार माध्यममार्फत अभिव्यक्त गर्न नहुने र नैतिकताका आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै काम कारवाही गर्न नहुने आचारसंहितामा भनिएको छ । मुख्यमन्त्रीद्वारा जारी गरिएका हरेक निर्देशनलाई पूर्ण पालना गर्नुपर्ने, मन्त्रालयको काम कारबाहीमा अत्यधिक आर्थिक मितव्ययिता अपनाउनुपर्ने र आफ्नो काम कारवाही राष्ट्र र सर्वसाधारणको सेवामा केन्द्रित हुनुपर्ने मन्त्री आचारसंहिता बनाइएको मन्त्री खड्काले जानकारी दिनुभयो ।

मन्त्रालयबाट सम्पादन गर्ने हरेक काम कारबाही नेपालको संविधान र कानून बमोजिम आमनागरिकको अपेक्षालाई ध्यानमा राखी गर्नुपर्ने, मन्त्रालयको कामकालागिव्यक्तिगत रुपमा गण्डकी प्रदेश सरकार र मुख्यमन्त्रीप्रति उत्तरदायी हुनुपर्ने उल्लेख छ । यसैगरी मन्त्री पदमा नियुक्ति भएको मितिले ६० दिनभित्र प्रचलित कानून बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण पेश गरी सार्वजनिक गर्नुपर्ने र मन्त्रालयमा जाँदा वा औपचारिक रूपमा उपस्थित हुँदा भड्किलो रुपमा प्रस्तुत हुन वा मध्यपान गर्न नहुने आचारसंहिता बनाइएको छ ।

मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश प्रशिक्षण परिषद्मा सरकारले नियुक्त गर्ने दुई महिलासहित तीन सदस्यको नियुक्तिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने निर्णय गरेको छ । यसैगरी सडक आश्रित सहयोगापेक्षी मानव उद्धार तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरिएको सरकारले जनाएको छ ।

## दलका २० प्रतिशत केन्द्रीय सदस्यले नयाँ दल गठन गर्नसक्ने

रासस
काठमाडौं, २ भदौ

सरकारले राजनीतिक दलका २० प्रतिशत केन्द्रीय सदस्यले नयाँ दल गठन गर्न सक्ने प्रावधानसहितको अध्यादेश जारी गरेको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको सिफारिसमा बुधबार जारी गर्नुभएको राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ मा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को उपदफा (२) मा रहेका शब्द हेरफेर र उपदफा (२क) थपिएको छ।

ऐनमा रहेका 'केन्द्रीय समिति र सङ्घीय संसद्का संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले' भन्ने शब्दको सट्टा अध्यादेशमा 'महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको २० प्रतिशत वा सोभन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसद्को ससंदीय दलको २० प्रतिशत वा सोभन्दा बढी सदस्यले एकैपटक' भन्ने शब्दहरु राखिएका छन् । त्यस्तै 'अध्यादेशमा उपदफा (२क) मा छुट्टै नयाँ दल गठन भएकामा त्यस्तो दल गठन हुनुभन्दा तत्काल अघिको दलको तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्य त्यसरी नयाँ दलमा प्रवेश गरेमा त्यस्ता सदस्यले दल त्याग गरेको मानिने छैन, भनी नेपाल सरकारद्वारा आज प्रकाशित राजपत्रमा उल्लेख छ।

ऐनको दफा ४८ को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका 'दर्ता गरिसकेका दलले' भन्ने शब्दहरु पछि 'वा दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको नयाँ दलले' भन्ने शब्द राखिएको छ । दफा ५२ मा 'तर राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलका सदस्यले त्यस्तो दलले समानुपातिक तर्फबाट त्यस्तो प्रतिशत पूरा गर्न आवश्यक हुने छैन' भन्ने प्रतिबन्धात्मक वाक्यांश थपिएको छ।

ऐनको दफा ५३ को उपदफा (१) मा 'तर दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको दलका केन्द्रीय समितिका पदाधिकारी र सदस्यले त्यस्तो दल दर्ता भएको ६० दिनभित्र त्यस्तो विवरण पेश गर्नुपर्ने' प्रतिबन्धात्मक वाक्यांश थपिएको छ । यही अध्यादेश २०७७ साल वैशाखमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पनि जारी गरेको थियो । पछि सर्वत्र विरोध र आलोचना भएपछि सरकार अध्यादेश फिर्ता लिन बाध्य भएको थियो।'


## तीन हजार ४०३ संक्रमित थपिए, ४२ को मृत्यु

रासस
काठमाडौं, २ भदौ

पछिल्लो २४ घण्टामा थप तीन हजार ४०३ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ११ हजार ८३९ पिसीआर परीक्षणमा दुई हजार ६१३ र चार हजार ९९९ एन्टिजेन परीक्षणमा ७९० जना गरी सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

योसँगै पिसीआर परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या सात लाख ३९ हजार ९०७ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ७७ हजार ६२६ छ । सो अवधिमा थप दुई हजार १०४ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या ६ लाख ८९ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶






# गोर्खालीको सम्मानमा सबै जुटौं- पर्यटन मन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ भदौ**



गोर्खाली विरहरुको सम्मानमा सरकार र नागरिक सबै जुटेर काम गरेमा नेपालकै शानविश्व भर कायम रहने बताउँदै पर्यटन उद्योग वाणिज्य तथाआपूर्ति मन्त्री मणिभद्र शर्माले गण्डकी प्रदेश सरकार सदैव गोर्खालीको सम्मानमा रहने बताएका छन् ।

बुधबार स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिकामा निर्माणाधिन गोर्खा स्मारक स्थलको अवलोकन गर्दै मन्त्रीले शर्माले गोर्खाली सैनिकको ईतिहासलाई लिपिबद्ध गरी विश्वबजारमा बिक्रीगर्दा मुलुकको अर्थतन्त्रलाई समेत टेवापुग्ने बताएका छन् । गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदी पालिकाले यस योजनालाई गौरवको योजनाको रुपमालिएर काम गरीरहेको बताउँदै प्रदेश र संघीय सरकारले यसमा चासो र सहयोग गर्नुपर्नेमा जोड दिएका छन् । त्यसै गरी वडा नं. १ का अध्यक्ष खिमबहादुर क्षेत्रीले लगानीअनुसारको वातावरण सिर्जना गर्न सबैलाई अनुरोध गरेका छन् । कार्यक्रममा प्रजातन्त्रका सेनानी तारापती सुवेदीले सेनाहरुको बहादुरीले नेपालको इज्जतआएको र अहिले पनि नेपालीलाई राम्रो काम गर्ने सेनाको रुपमा हेरिने भएकाले यस्ता पार्कहरुले सबैको इज्जत हुने बताएका छन् ।

युवा नेता यमप्रसाद पौडेलले पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । सन् १८१४को नेपाल-अंग्रेज युद्धदेखि विश्वका विभिन्न देशका युद्ध भूमिहरुमा मारिएका साठी हजार भन्दा बढी वीर गोर्खाबाट परिचित वीरगति प्राप्त नेपाली युवाहरुको चिरस्मृतिमा पार्क निर्माण भईरहेको गोर्खा स्मारक ट्रष्टका अध्यक्ष जंगबहादुर गुरुङले जानकारी गराएका छन् ।

गोर्खाली सैनिक माथी भएको विभेदका विरुद्धमा विदेशमा समेत लडाई भईरहेको ट्रष्टका महासचिव डा. चन्द्रबहादुर गुरुङले बताउँदै आफ्ना नागरिकको सम्मान र स्मृतिका लागि सरकारले पनि सहयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

## मादीमा...

केन्द्रित गरी, बिभिन्न किसिमका तालिम, शिप सिकाउदैं कृषी र पर्यटनको प्रर्वद्धन गर्दै गाउँलेलाई उद्यमी बनाउने अभियानमा लायन्स लागेको बताए ।

लायन्स उद्यमी गाउँ उद्धाटन कार्यक्रमका अवसरमा डिष्ट्रिक्ट तथा विभिन्न संघ सस्थाबाट प्राप्त करिब ६ लाख बराबारको सामाग्री पनि गाउँलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा लायन भिष्म पौडेलको पहलमा नमस्ते सामुदायिक प्रतिष्ठानको तर्फबाट प्राप्त २ थान हाते ट्र्याक्टर, चितेपानी फाउण्डेसनको तर्फबाट लायन टिकाराम सापकोटाको पहलमा प्राप्त राईस मिल-१ थान, लायन्स क्लब अफ पोखरा राइजिङ स्टारबाट प्राप्त डष्टबिनहरु तथा डिष्ट्रिक्टबाट प्राप्त वाटर फिल्टर, बाध्यबादनका सामाग्री, खेलकुद सामाग्री, फलफूलका विरुवा (एभोकाडो कागती लगायत) हरू हस्तान्तरण गरिएको डिष्ट्रिक्ट ३२५ वि १ नेपालका क्याबिनेट सेक्रेटरी दुर्गाप्रसाद हुमागाईले बताए ।

कार्यक्रममा, गण्डकी प्रदेश सांसद मन बहादुर गुरुङ्ग, जिल्ला समन्वय समिति कास्कीका प्रमुख वैन बहादुर अधिकारी, मादी गाउँपालिकाका अध्यक्ष वेद बहादुर गुरुङ्ग, मादी गाउँपालिका ५ का अध्यक्ष रतन बहादुर गुरुङ्ग, मादी गाउँपालिकाका जनप्रतिनिधी युवा नेता सरोज के.सी, कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख शालिगराम अधिकारी, थाम ल्हाम्जा आमा समूहका सचिव चन्द्रकुमारी गुरुङ्ग, लायन्स डिष्ट्रिक्ट को चिफ एड्भाइजर लायन धनिराम बराल, मोडेल भिलेज चिफ तथा कार्यक्रम संयोजक लायन टिकाराम सापकोटा लागायतले मन्तव्य राखेका थिए भने स्थानिय संघ संस्थाका प्रतिनिधि र लायन्स लिडरहरुको कार्यक्रममा उपस्थिति रहेको थियो । डिष्ट्रिक्ट ३२५ वि १ नेपालका डिष्ट्रिक्ट गर्भनर लायन विश्वेश्वर आचार्यको सभापतीत्वमा कार्यक्रम सम्पन्न भएको बताइएको छ ।

# पोखरा अल्ट्रालाइटले उडान सुरु गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २ भदौ**

कोभिड-१९ को दोस्रो भेरियन्टका कारण वैशाखदेखि बन्द रहेको अल्ट्रालाइड-पुतली जहाज) लाई विशेष स्वास्थ्य मापदण्ड अपनाएर भदौ ३ गतेदेखि सञ्चालनमा ल्याउने भएको छ ।

पोखराका अल्ट्रालाइट कम्पनीका प्रबन्ध निर्देशक पोमनारायण श्रेष्ठले कोभिड-१९ का कारण रोकिएको पर्यटनलाई चलायमान बनाउन अल्ट्रालाइट उडानलाई पुनः व्यवस्थित तरिकाबाट सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणको कोरोनाका कारण रोकिएको उडान आठ महिनापछि गत वर्ष कात्तिकको २६ गतेदेखि सुरु गरेकामा पुनः दोस्रो चरणको कोरोनाका कारण यस वर्ष वैशाखबाट उडान रोकिएको थियो । नागरिक उड्डयन प्राधिकरणले तोकेको स्वास्थ्य मापदण्डलाई पूर्ण पालन गरेर उडान गरिने उहाँको भनाइ छ ।

उहाँले पर्यटकीय गतिविधि सुस्ताएको समयमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सहुलियत दिएर उडान गरिने बताउनुभयो । "हामीले ६ हजार पाँच सयमा अल्ट्रालाइट उडानको आनन्द दिलाउने छौं," श्रेष्ठले भन्नुभयो । माछापुच्छ्रे, अन्नपूर्णसहितका हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिने साथै तालतलैया एवं धार्मिक रुपले पनि उस्तै महत्व राख्ने पोखराले पछिल्लो समय साहसिक खेलको सहरका रूपमा समेत आफ्नो परिचय थप्दै गएको छ । पोखरामा सन् १९९६ मा एभिया क्लबले अल्ट्रालाइट भित्र्याएको हो । पुतली जहाजसमेत भनेर चिनिने अल्ट्रालाइट पोखरामा मात्रै सञ्चालित छ । हाल एभिया क्लब, फिस्टेल र पोखरा, हेलिएयर नेपाल गरी चार कम्पनीले अल्ट्रालाइट सञ्चालनको अनुमति लिएका छन् । अहिले भने पोखरा अल्ट्रालाइट प्रालिले मात्र उडान सुरु गरेको हो । अल्ट्रालाइट पोखरामा नागरिक उड्डयन प्राधिकरण मातहतबाट सञ्चालित रहेको छ ।


# श्री भद्रकाली माध्यमिक विद्यालय
## पोखरा-१३, कुँडहर

## व्यवसायिक सटर कोठा भाडामा लगाउने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०५/०३)

यस विद्यालयको प्राङ्गणको उत्तरपूर्व तर्फ रहेको मोटर साइकल पार्किङ ट्रसलाई सटर कोठामा रुपान्तरण गरी ८ वटा सटरहरु भाडामा लगाउनु पर्ने भएकोले सो सटर एक वा सो भन्दा बढि वा पूरै भाडामा लिन इच्छुक सर्वसाधरण व्यक्ति, व्यवसायी, संघ, संस्थाहरुलाई तपसिलका शर्तहरुको अधिनमा रहने गरी आफुले लिन इच्छुक भाडा वापतको मासिक रकम प्रस्ताव गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस विद्यालयको लेखाशाखामा बन्द शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

१. प्रत्येक सटर कोठाको नाप २२ × ९ फिटको हुनेछ ।
२. व्यवसायिक प्रयोजनका निमित्त आफूले चाहे बमोजिम सटर कोठा निर्माण गर्न सकिनेछ । पछाडिको भागमा झ्याल ढोका राख्न पाइने छैन । भेन्टिलेशन राख्न पाइने छ । पछाडिको भाग विद्यालयले तोकेको नक्शा बमोजिम हुनेछ । सो किसिमका अस्थायी सटर निर्माण खर्च स्वयं व्यक्तिको हुनेछ ।
३. शौचालय तथा वाथरुमको व्यवस्था विद्यालयले मिलाउने छ । त्यसको सुरक्षा र उपयोगिता सरसफाइको जिम्मा स्वयम् सटरवाला नै हुनुपर्नेछ ।
४. होटल तथा मदिरा जन्य पदार्थ बेचबिखन वाहेक अन्य प्रयोजनका लागि सटर प्रयोग गर्न पाइनेछ । चर्को आवाज आउने, प्रदुषण हुने किसिमका कुनैपनि गतिविधि संचालन गर्न पाइने छैन ।
५. सटरको पछाडि दायाँ वायाँवाट कूनै पनि व्यापार गर्न पाइने छैन ।
६. सटरको धरौटी वापत न्यूनतम रु २,००,०००/- (दुइ लाख मात्र) र मासिक न्यूनतम भाडा रु १०,०००/- (दश हजार मात्र।) प्रति सटर तोकिएको छ । त्यो भन्दा कम रकम प्रस्ताव भएका प्रस्तावहरु स्वीकृत गरिने छैन । बढिबढाउका आधारमा सबैभन्दा बढि रकम प्रस्ताव गर्ने व्यक्ति वा संस्थालाई प्राथमिकता दिइनेछ । धरौटी वापतको रकम पसल छोडेर जाँदाको वखत फिर्ता गरिनेछ ।
७. न्यूनतम बैंक कवोल वापत रु १,०००/- (एक हजार मात्र ।) प्राइम बैंकको विद्यालयको खातामा जम्मा गरेको भौचर सहित प्रस्ताव पेश गर्नुपर्नेछ । निवेदन दस्तुर रु २००/- (दुई सय मात्र ।) तोकिएको छ ।
८. भाडा सम्झौताको अवधि ७ वर्ष रहने छ । प्रत्यके वर्ष भाडा को १० प्रतिशतका दरले वृद्धि हुनेछ । नियम अनुसार तिर्नुपर्ने घरभाडा कर स्वयम्ले बुझाउनु पर्नेछ ।
९. यो सूचना प्रकाशन भएको १६ औं दिनको ठिक १२:०५ बजे प्रस्ताव खोली मूल्याङ्कन गरिनेछ ।
१०. प्रस्ताव स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा हुनेछ ।
११. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम एवम् प्रचलित कानुन बमोजिम हुनेछन् ।

**सम्पर्क नं. ०६१-५३३७८७, ५२०४९८**


# कम्युनिष्टहरूको एकता अहिलको आवश्यकता : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, २ भदौ**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले इमान्दार कम्युनिष्टको एकता अहिलको आवश्यकता भएको बताउनुभएको छ ।

शहीद रामवृक्ष यादवको २७औँ स्मृति दिवसका अवसरमा आज माओवादी केन्द्रको पेरिसडाँडास्थित पार्टी कार्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भर्खरै सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकले पार्टी पुनर्निर्माण गर्ने सङ्कल्प गरेको बताउनुभयो । माओवादी शान्ति सम्झौता प्रक्रियामा आएपछि क्रान्तिकारी चरित्र, संस्कार बिर्सिंदै गएको गुनासो आएकाले यसकाविरुद्ध आफैं आत्मसमीक्षा गर्ने, सङ्कल्प गर्ने आवश्यकता रहेकामा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामी सबै पद, प्रतिष्ठामा ध्यान दिने व्यक्तिवादी भएका छौं, यसमा समीक्षा गनुपर्ने भएको छ, विचार, सिद्धान्त र वर्गप्रति समर्पित हुनु अहिलेको आवश्यकता हो ।"

अध्यक्ष प्रचण्डले राष्ट्रिय सम्मेलनमा गएर विचारलाई अझ परिमार्जन, परिस्कृत गर्ने, महाविशेनसम्म गएर त्यसलाई थप समृद्ध गर्ने तयारीमा पार्टी रहेको जानकारीदिनुभयो।उहाँलेभन्नुभयो, "हामीले आफ्नो औचित्य सिद्ध गर्न सकेनौं भने विघटन र विसर्जनको भुमरीमा पर्ने सम्भावना छ, तर हामी त्यस्तो हुन दिने छैनौं, शहीदहरूको योगदानको बलमा अन्तिम समयसम्म हामी लड्नेछौं ।" उहाँले कम्युनिष्ट पार्टीहरूबीच एकताको झण्डा र राष्ट्रिय एकताको झण्डा उठाउने सङ्कल्प आफूहरूले गरेको जनाउँदै कम्युनिष्ट पार्टीलाई एकताबद्ध गर्दै, सबै खाले टुटफुटविरुद्ध उत्रिन आवश्यक रहेकामा जोड दिनुभयो । कम्युनिष्ट पार्टीभित्रै विभिन्न नकारात्मक प्रवृत्ति रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सम्पूर्ण उपलब्धिलाई धराशयी पार्ने प्रवृत्ति कम्युनिष्ट पार्टीभित्रबाट देखापर्‍यो, त्यसलाई हामीले प्रतिगमन भन्यौं, त्यो प्रतिगमन अहिलेलाई पराजित भएको छ, हामीले त्यसकाविरुद्ध निर्मम ढङ्गले सङ्घर्ष र विद्रोह गर्नुपर्ने स्थिति देख्यौं र विद्रोह गर्‍यौं ।" कार्यक्रममा अध्यक्ष प्रचण्डले शहीद रामवृक्ष यादवको स्मरण गर्दै यादव विचारमा प्रस्ट, सिद्धान्तमा निष्ठावान्, आन्दोलनमा समर्पित, सबैसँग मिलनसार, मृदुभाषी, बहुआयामिक व्यक्तित्व रहेको बताउनुभयो । तराई, मधेसको सर्वमान्य नेताका रूपमा स्थापित हुँदै अघि बढ्नुभएका यादवको जनयुद्धको तयारीका क्रममा हत्या भएको र त्यसबेला पार्टीलाई ठूलो क्षति पुगेको उहाँले जानकारी दिनुभयो । माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले शहीद यादवको व्यक्तित्वको चर्चा गर्दै कम्युनिष्ट आन्दोलनमा उहाँको योगदान सदा स्मरणीय रहने बताउनुभयो ।

## तीन हजार...

१७३ पुगेको छ । हाल ३३ हजार ८०८ होम आइसोलेशनमा तथा तीन हजार ५३२ जना संस्थागत आइसोलेशनमा छन् । त्यसैगरी ७७० आइसीयू र १८६ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ४० हजार ३३८ रहेको छ ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १० हजार ३९६ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ४२ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस अवधिमा ८४ हजार १३३ ले खोप लगाएका छन् ।

# पदयात्रा सामग्री जोगाउने चिन्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २ भदौ**

कोरोना कहरसँगै भएको बन्दाबन्दीका साथै पर्यटन क्षेत्र पूर्ववत् अवस्थामा फर्कन नसकेका अवस्थामा पदयात्रामा प्रयोग गरिने सामग्री बिक्री वितरण गर्दै आएका व्यवसायीलाई ती सामग्री कसरी जोगाउने चिन्ता देखिएको छ ।

कोरोना कहरका कारण पदयात्रा क्षेत्र ठप्प हुँदा पदयात्रामा प्रयोग हुने सामग्री गोदाममा नै थन्क्याएर राख्नुपर्ने बाध्यात्मक अवस्थाले हुनसक्ने टुटफुटका साथै विभिन्न प्रकोप आदिबाट जोगाउने विषय यतिखेर चिन्ताको विषय बनेको छ । पोखरा हुँदै आसपासका मर्दी हिमाल, अन्नपूर्ण आधार शिविर, घोरेपानी जस्ता पदमार्गमा बर्सेनि ठूलो सङ्ख्यामा स्वदेशी एवं विदेशी पर्यटक जाने भएकोले ती पर्यटकलाई लक्षित गरी पोखरामा झण्डै १०० को सङ्ख्यामा ट्रेकिङ इक्युपमेन्ट शप सञ्चालनमा आएका छन् ।


पदयात्रामा प्रयोग गरिने सामग्री गुणस्तरीय एवं टीकाउयोग्य हुनुपर्छ भन्ने उद्देश्यका साथ यसको व्यापार व्यवसायलाई व्यवस्थित बनाउन पोखरामा ट्रेकिङ इक्युपमेन्ट शप एशोसिएसन( टेसा) क्रियाशील रहेको छ । टेसा पोखराका अध्यक्ष नारायण सापकोटाका अनुसार पदयात्रा पर्यटनमा प्रयोग गरिने सामग्रीको बिक्री वितरणलाई प्रभावकारी बनाउने लक्ष्यका साथ पोखरामा २०५४ सालदेखि संस्थागत रूपमै टेसा क्रियाशील हुँदै आएको छ । हाल ७५ जना व्यवसायी टेसामा आवद्ध भएको जानकारी दिँदै उहाँले कोरोना कहरका कारण आफूहरूको व्यवसाय प्रत्यक्ष प्रभावित भएको बताउनुभयो ।

पोखरामा टेसा सम्बद्ध ११० जनाव्यवसायीलेकोरोनाविरुद्धको खोप लगाइसकेको बताउँदै उहाँले बाँकी व्यवसायीका साथै पदयात्रा सम्बद्ध क्षेत्रका सबै व्यवसायी र मजदुरलाई खोपको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

तथ्याङ्क अनुसार पोखरामा टेसा सम्बद्ध व्यवसायीले यसका लागि लगभग ९० करोड रुपैयाँ आफ्नै लगानी गरेका छन् भने बैकिङ क्षेत्रको लगानी लगभग ५० करोड रुपैयाँ रहेको छ । दुई वर्षदेखि कोरोनाका कारण व्यवसाय लगातार प्रभावित हुँदा यस क्षेत्रका करिब १५ प्रतिशत व्यवसायी पलायनको अवस्थामा पुगेको अध्यक्ष सापकोटाले बताउनुभयो । उहाँका अनुसार यस व्यवसायबाट पोखरामा प्रत्यक्ष अप्रत्यक्ष ४५० जनाले रोजगारी पाएका छन् ।


# कपालको उपचार
## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कम्युनिस्ट आन्दोलनलाई घात

नेपाली जनताले विश्वास गरेको पार्टी नेकपा एमालेलाई लामो समय नेतृत्व गरेका बरिस्ठ नेता माधवकुमार नेपालले विभाजन गराएका छन । काङ्ग्रेस सभापति शेर बहादुर देउवा नेतृत्वको सरकारले दल विभाजन गराउने खुकुलो प्राब्धान राखेर अध्यादेश ल्याएपछि नेपालले एमाले फुटाएका छन । आफैले जग हालेर बनाएको एमाले पार्टी त्यागेर नेपालले राजनीतिक जीवनको उत्तरार्धमा कलंकित हुने बाटो रोजेका छन् । पार्टीलाई बिधि पद्धतिबाट चलाउनुपर्छ भन्ने नेपालले अध्यादेशको सहारा लिएर पार्टी फुटाएका छन । २० प्रतिशत केन्द्रीय सदस्य वा २० प्रतिशत संघीय सांसदको समर्थन भए पुग्ने खुकुलो ब्यवस्थालाई समातेर पार्टी विभाजन गराएका छन । काङ्गेसको सत्ता जोगाउन कम्युनिस्ट कार्यकर्ता,समर्थक र मतदातालाई धोका दिने काम गरेका छन।एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्ने टिप्पणी सही थिए भन्ने देखाएको छ।

अध्यक्ष केपी शर्मा ओलीलाई सबै दोष दिएर पार्टी विभाजन गर्दा ६ बर्ष दोस्रो र ९ बर्ष पहिलो नेताका रुपमा १५ बर्ष एमाले हाँकेको विर्सन मिल्दैनओलीसँग '४९ वर्षको ' सम्बन्ध विच्छेद गरेका छन । ओली-नेपाल सम्बन्धको इतिहासमा सहकार्य र संघर्षको उत्तिकै हिस्सा छ । एमाले जीवनका कठिन समयमा धेरैपटक ओली र नेपाल एकै ठाउँमा पनि उभिएका छन् । महाकाली सन्धि गर्दा उनीहरु सँगै थिए । तमाम आलोचना दुवैले बराबरी झेले । ०५४ को विभाजनमा पनि नेपाल र ओली एक ठाउँमा उभिए । स्थापित नेताहरुले छोड्दा पनि एमालेलाई जीवनदान दिए । ओली-नेपाल सम्बन्धमा पछिल्लो समय देखिएको तिक्तता ०७१ को नवौं महाधिवशनपछि हो । यही महाधिवेशनबाट ओलीले एमालेमा पहिलो नेताको जिम्मेवारी पाए भने नेपाल पराजित भए । ओलीसँग केवल ४५ मतले पछि परेका नेपालले आफूले प्राविधिक रुपमा मात्रै होरेको ठानेका थिए । हार स्वीकार नगरेकै कारण उनले ओलीसँग मिल्ने भन्दा पनि जुध्ने रणनीति अख्तियार गरे ।

ओली-नेपाल सम्बन्धमा निर्णायक विभाजन गत पुस ५ मै भइसकेको थियो । गएको पुसमा ओलीले प्रतिनिधिसभा विघटन गर्दा तत्कालीन 'नेकपा' मा दरार आएको थियो । त्यो मुलतः नेकपाभन्दा पनि एमालेको विभाजन थियो । उतिबेलै राजनीतिक रुपमा विभाजित भइसकेको एमाले आज माधव नेपालले नयाँ पार्टी दर्ता गरेसँगै कानूनी रुपमा पनि विभाजित भएको छ । निर्वाचन आयोगमा गएर एमाले समाजवादी पार्टी दर्ता गराउँदै गर्दा माधव नेपालको साथमा मुकुन्द न्यौपाने र बेदुराम भुसाल मात्रै थिए । उनीहरु साविकको एमालेमा स्थायी कमिटी सदस्य हुन् । विभाजनको अन्तिम घडीमा आफ्नै ठानिएकाहरुले साथ दिएको देखिएन । अशक्त अवस्थामा रहेका झलनाथ खनाल र खासै सांगठनिक पकड नभएका न्यौपाने र भुसाल मात्रै अन्तिम क्षणमा हुनु र आफ्नै ठानिएका केही चर्तित अनुहार छुट्नु माधव नेपालका लागि सबैभन्दा ठूलो क्षति हो ।कम्युनिस्ट पार्टीमा नेतृत्वमा पुगेकाले नयाँ नेतृत्व स्वीकार्नु भन्दा पार्टी विभाजन गरेर भएपनि नेता भईरहने रोगबाट मुक्त हुनसकेका छैनन् ।

७० वर्ष लाग्न आँटेका नेपालले पार्टी बनाउने अठोट बोकेर विभाजन रोजेका छन्, यो वास्तवमा कठिन रोजाइ हो । कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने काम हो । उनको नयाँ पार्टीमा हाललाई साविक एमालेका ५८ केन्द्रीय सदस्यहरुको साथ दावी गरेका छन । कतिपयले सहमति नभएको जनाएका छन । संघीय संसदका ३१ सांसद उनको पक्षमा खुलेका छन् । निर्वाचन आयोगले मान्यता दिने वितिक्कै सरकारमा जाने हुँदा आफ्नो समूहका धेरै नेता आफूतिरै फर्किन्छन् भन्ने छ । सत्ताको लागि दाम्लो चुडाँउने धेरै भएको हुँदा पछि लाग्ने थपिन सक्छन् । सबैलाई भाग पुऱ्याउन नसक्दा असन्तुष्ट हुने रोग निको हुँदैन । दोस्रो तहका प्रभावशाली ठानिएका नेताहरु उनीतिरै फर्किन्छन् भन्ने ग्यारेन्टी छैनन् । भीम रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाल, गोकर्ण विष्ट, योगेश भट्टराई जस्ता अनुहारबिनै नयाँ पार्टीलाई स्थापित गर्नु उनको चुनौति हो ।

दोस्रो तहका नेताहरुले भर नदिएपछि तल्लो तहका नेता- कार्यकर्ताको भरमा नेता नेपालले नयाँ पार्टी बनाउने जोखिम मोलेको देखिन्छ । मेटमणि चौधरी, रामकुमारी झाँकी जस्ता तेस्रो पुस्ताका केही नेता र नयाँ पुस्ताको साथमा नयाँ पार्टी स्थापना गर्ने जमर्को उनले गरेका छन् । ओलीसँगको पुस ५ यताको संघर्षमा नेपालले आफूलाई संघर्षशील, निष्ठावान र विधि-विधानका लागि लड्ने नेताको पहिचान बनाउन सफल भएका थिए । उनको लागि यो सबैभन्दा ठूलो राजनीतिक पुँजी थियो । तर, अध्यादेशको टेकोमा पार्टी फुटाएपछि उनको त्यो पुँजीमा पनि क्षयीकरण आएको छ । नेता नेपालले पछिल्लो समय धेरै राजनीतिक मुल्य, मान्यता, निष्ठा र इमान्दारितको कुरा गर्थे । ओलीभन्दा आफू धेरै मानेमा फरक नेता हुँ भन्ने दलिल पेस गर्थे । तर, अब उनको त्यो नैतिक बलमा ह्रास आएको छ । केही थान सांसद र केही थान मन्त्रीको लोभ नगरी अध्यादेशबिनै विद्रोह गरेको भए राजनीतिक नैतिकताको कसीमा उनी उँचो देखिने थिए । अब उनी कमजोर छवि बोकेर ओलीसँगको लडाइँमा उत्रिनु पर्ने छ । माधव नेपाल सत्तारुढ गठबन्धनमा पनि छन् । पुष्पकमल दाहाल 'प्रचण्ड', उपेन्द्र यादव लगायतको पार्टीसँग गठबन्धनमा सामेल भएर नेता नेपाले आउँदो चुनावको सामना गर्ने देखिन्छ । यो गठबन्धनलाई २०७४ मा वाम गठबन्धनलाई अनुमोदन गरे जस्तो जनताले अनुमोदन गर्छन् या गर्दैनन् भन्नेमा धेरै कुरा निर्भर हुने देखिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : शारीरिक झमेला |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मन चञ्चल | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : मानसिक तनाब | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटक पर्खंदै बुद्ध जन्मस्थल लुम्बिनी

–निरा गौतम
काठमाडौं, २ भदौ (रासस)

कोरोनाको महामाहरी नभइदिएको भए यस वर्ष बुद्ध जन्मस्थल लुम्बिनीमा स्वदेशी र विदेशी पर्यटक अटाई-नअटाई हुने थिए । एक त लुम्बिनी विश्वका बौद्धमार्गीहरूको आस्थाको केन्द्र, अर्को कुरा नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेकाले नेपाल आएका विदेशी पर्यटकमध्ये अधिकांश त कम्तीमा एकपटक लुम्बिनी पुग्ने चाहना राख्थे नै । यी सबै सम्भावनाहरूलाई विश्वभर फैलिएको महामारीले असम्भव बनाइदिएको छ ।

त्यसैले यतिखेर विश्वप्रसिद्ध यो पवित्रस्थल पर्यटक पर्खिएरै बस्न बाध्य छ । नेपाल करिब डेढ वर्षयता देखि ठप्प प्रायः नै छ । कोरोना महामारीको पहिलो लहर सुरु भएदेखि बन्दाबन्दीमा पुगेको देश अझै पूर्ण रूपमा खुल्न सकेको छैन । महामारी फैलिएसँगै बन्द भएको लुम्बिनी पनि पूर्ण रूपमा खुल्न नपाई फेरि बन्द हुन पुगेको छ । महामारीको दोस्रो लहरपछि साउन २७ गते बिहीबारदेखि लुम्बिनी पुनः खुलेको छ । लुम्बिनी खुले पनि यहाँ आउने विदेशी पर्यटकका उडान या अरू पहुँचहरू भने बन्द नै छन् ।

जिल्ला प्रशासन कार्यालयको समन्वयमा स्वास्थ्य मापदण्ड पालना गरेर मन्दिर प्रवेश गर्न दिइने भएपछि मन्दिर खुल्ला गरिएको हो । कोरोना महामारीलाई ध्यानमा राखेर बिस्तारै अन्य विहारसमेत खोल्नका लागि अनुरोध गरिने लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बताउनुभयो । मायादेवी मन्दिर पूर्णरूपमा खुलेपछि यहाँका पर्यटन व्यवसायीहरू उत्साहित भएका छन् । मायादेवी मन्दिर खुल्ला भएसँगै आन्तरिक पर्यटकहरू लुम्बिनी आउने क्रम सुरु भएको लुम्बिनी होटेल सङ्घका अध्यक्ष मिथुनमान श्रेष्ठले जानकारी दिनुभयो । पर्यटकहरूको आवागमनलाई ध्यानमा राख्दै पर्यटन व्यवसायीले पनि आफ्ना व्यवसायलाई पुनः व्यवस्थित तरिकाले सञ्चालन गरेको उहाँको भनाइ छ । "कोरोना महामारीलाई ध्यान दिएर स्वास्थ्य मापदण्ड पालन गरी पर्यटकलाई सेवा दिएका छौँ," उहाँ भन्नुहुन्छ । होटेल सङ्घका अनुसार लुम्बिनीमा सानाठूला गरी ८० भन्दा बढी होटेल छन् । कोरोना महामारी फैलिएसँगै आन्तरिक तथा बाह्य पर्यटक आवागमन बन्द भएपछि लुम्बिनी सुनसान जस्तै रह्यो । महामारीअघि लुम्बिनी आउने पर्यटकको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको थियो । सन् २०१२ मा सात लाख पर्यटक आएको लुम्बिनीमा सन् २०१९ सम्म आइपुग्दा १६ लाख पर्यटक आएका थिए । पर्यटक आवागमनको रफ्तार बढिरहेका बेला कोरोना महामारीले लुम्बिनी पछिल्लो डेढ वर्ष करिब सुनसान जस्तै रह्यो । यद्यपि, कोरोनाको पहिलो लहर सकिएर दोस्रो लहर सुरु हुनुअघिको बीचको समयमा स्वदेशीसहित करिब तीन लाख पर्यटकले लुम्बिनी घुमे । त्यही बीचमा दुई सय ५३ जना विदेशी पर्यटक आए भने ५० हजारको हाराहारीमा भारतीय पर्यटकले लुम्बिनी घुमे । बाँकी स्वदेशी पर्यटक थिए । नेपालमा बन्दाबन्दी खुले पनि उक्त समय संसारका थुप्रै देशमा लकडाउन कायमै थियो भने कतिपय देशमा महामारीले अर्को रुप लिँदै थियो । त्यसका बाबजुद पनि यो वर्ष ब्राजिलका ५०, जर्मनीका १७, फ्रान्सका १६, रसियाका २३ र अमेरिकाका ३० जना विदेशी पर्यटकले लुम्बिनी घुमेका छन् । महामारीबीच तीन लाख पर्यटकले लुम्बिनी घुम्नु सामान्य विषय होइन यसले लुम्बिनी घुम्न पर्यटकहरू लालायित छन् भन्ने देखाएको छ । दोस्रो लहरपछि लुम्बिनी खुले पनि भर्खरै विदेशी पर्यटकहरू आउने सम्भावना छैन । भारत र नेपालमा तेस्रो लहरका सङ्केतहरू देखिएका छन् ।

युरोप, अमेरिका लगायतका मुलुकमा सङ्क्रमणको नयाँ लहर देखिन थालेको छ । लुम्बिनी आउने पर्यटकको ठूलो स्रोत मानिने श्रीलङ्कामा पनि सङ्क्रमण कायमै छ । लुम्बिनी आउने पर्यटकको ठूलो स्रोत मानिने चीन, म्यान्मा, श्रीलङ्का र थाइल्यान्ड जस्ता बौद्ध मुलुकहरूले भ्रमणका लागि आफ्ना नागरिकलाई बाहिर जान अनुमति दिएका छैनन् । दोस्रो लहरले नेपाललाई आक्रान्त पारेको खबर संसारभर फैलिएका कारण पनि तत्काल पर्यटकहरू घुम्न आउने सम्भावना निकै कम रहेको विश्लेषण गर्नुहुन्छ कोषका सूचना अधिकृत राजन बस्नेत । रुपन्देही, नवलपरासी र कपिलवस्तुका पर्यटकबाहेक बाहिरी जिल्लाका पर्यटकहरू निकै कम आएको उहाँको भनाइ छ । यद्यपि, कोरोनाविरुद्धको खोप अभियान चलिरहेकाले तेस्रो लहरले उग्ररुप नलिए भारतीय र स्वदेशी पर्यटक आउने आशा व्यवसायीलाई छ ।

अब लुम्बिनी घुम्ने यामसमेत सुरु हुने बेला भएकाले तयारी गरिएको व्यवसायीहरू बताउँछन् । पर्यटक आउने आशामा कोरोना सङ्क्रमणको रोकथामका लागि होटेलहरूलाई पटकपटक स्यानिटाइजेशन गर्ने, पहिलाको तुलनामा सरसफाइलाई बढी जोड दिने, कोठा तथा हातको प्रयोग हुने सामग्रीमा स्यानिटाइजेशन गर्ने काम भइरहेको छ । राम्रो सरसफाइ गरी होटेल, माला, पसल तथा अन्य व्यवसायलाई चिटिक्क पारेर पर्यटकहरूलाई स्वागत गरिएको छ भन्नुहुन्छ, "लुम्बिनी पर्यटन व्यवसायी सङ्घका सचिव पिन्टु बनिया । कोरोना महामारीका कारण विगत दुई वर्षदेखि ट्राभल एजेन्सीहरू पनि प्रभावित छन् । छोटो दूरीका सवारी साधन तथा होटेलमा सामान्य बुकिङ भए पनि तेस्रो चरणको कोरोनाको प्रभाव यकिन गर्न नसक्दा व्यवसाय प्रभावित भएको छ भन्नुहुन्छ, नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल्स एजेन्ट लुम्बिनी प्रदेश उपाध्यक्ष रचना पन्त ।

सरकारले पर्यटन प्रवर्द्धनका लागि कर्मचारीलाई १० दिन बराबरको पारिश्रमिक रकमसहित पर्यटन काज बिदा दिने निर्णयले पर्यटन व्यवसायी हौसिए पनि कोरोनाको प्रभाव नहराएका कारण व्यवसाय लयमा फर्कन नसकेको उपाध्यक्ष पन्तको भनाइ छ । उहाँका अनुसार लुम्बिनी प्रदेशमा झन्डै दुई सय टुर एन्ड ट्राभल्स एजेन्सी छन् । लुम्बिनी विकास कोषले भने लकडाउनको सदुपयोग गर्दै केही सौन्दर्यसम्बन्धी काम सम्पन्न गरेको छ भने केहीलाई निरन्तरता दिएको छ । लामो समयपछि पर्यटकहरू आउँदा उनीहरूलाई केही नौलो अनुभूति होस् भन्नका लागि सौन्दर्यसम्बन्धी काम गरिएको छ भन्नुहुन्छ, विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तेय (अवधेशकुमार त्रिपाठी) । उपाध्यक्ष मेत्तेयका अनुसार लुम्बिनी परिसरबाहिर रहेको महिलवार स्थित ५ नं प्रवेशद्वारबाट मायादेवी मन्दिर पुग्ने पैदलमार्गमा रङ्गीन ईंटा बिछ्याइएको छ । यसअघिको कालोपत्र सडक भत्काएर रङ्गीन ईंटा बिछ्याउँदा मायादेवी मन्दिरतर्फ जाने यो सडक निकै सुन्दर देखिएको छ । पर्सा चौराहादेखि महिलासम्मको सडक चार लेन बनाएर रङ्गरोगन गरिएको छ । यसअघि साँघुरो रहेको उक्त सडक फराकिलो भएपछि अहिले लुम्बिनीको बाहिरी रुप परिवर्तन भएको आभास हुन्छ । ५ नं प्रवेशद्वारबाट मायादेवी मन्दिर जाने सडकको दुवैतिर लहरै राखिएका इटालियन पोलमा बालिएका बत्ती रातिको समयमा मनमोहक देखिन थालेका छन् । यसअघि रातिको समयमा लुम्बिनी भ्रमण असहज रहेकामा बत्तीको व्यवस्थाले लुम्बिनी भ्रमण निकै सहज भएको छ । मायादेवी मन्दिर परिसरमा घाँस, दुबो काटेर विभिन्न ठाउँमा फूल फुलाइएको छ । पवित्र कुण्ड सफा गरिएको छ । माटो भरेर प्राचीन बोधी वृक्षको संरक्षण र मन्दिर परिसरमा रहेका पुरातात्विक संरचनाहरूको मर्मतसम्भार गरिएको छ । मायादेवी मन्दिरदेखि शान्तिदीप जाने सडकका दुवै किनारामा पनि इटालियन पोलसहितका सडक बत्ती जडान गरेर आकर्षक बनाइएको छ । केन्द्रीय नहरको पानी सफा बनाइएको छ भने दुवैतिर टुटेफुटेका ईंटा मर्मत गरेर चिटिक्क पारिएको छ । ईंटा छापेर बनाइएका सडक, बत्ती, फूल र सफा गरिएको पानीमा त्यसको प्रतिबिम्ब निकै मनमोहक देखिन थालेको छ । सफा गरिएका सम्पदाहरू निकै आकर्षक देखिएका छन् । शान्ति दीपबाट केन्द्रीय नहरतिर फर्केर तस्वीर खिच्दा डेढ किलोमिटर टाढा रहेको शान्ति स्तूपा प्रस्ट देखिन थालेको छ । केन्द्रीय नहरमाथि बनाइएका आर्क ब्रिज र छेउमा निर्मित मण्डलाहरूको पनि सफाइ गरिएको छ । केन्द्रीय नहरको दुवैतर्फ लहरै रहेका कदमको रुखमुनि फूल फुलाएर सिङ्गारिएको छ ।

बगैंचाहरू सफा गरिएको छ भने पैदलमार्गहरू मर्मत गरिएको छ । नयाँ लुम्बिनीग्राम क्षेत्रमा सारस लगायतका पक्षी र जनावरहरूको संरक्षणका लागि पोखरी बनाएर सिमसार क्षेत्रको विकास गरिएको छ । जहाँ सारसका बच्चा हुर्किरहेका छन् । यस्तै गुरुयोजनको लुम्बिनी ग्राम क्षेत्रभित्र फलफूलका बिरुवा रोपेर हुर्काइएको छ । करिब सम्पन्न हुन थालेको पाँच हजार अट्ने सभाहलले लुम्बिनीको आकर्षण थपेको छ ।

पर्सादेखि लोखडिया चोकसम्मको सडकको दुवैतिर बगैंचा निर्माण गरेर सिङ्गार्न थालिएको उपाध्यक्ष मेत्तेयले बताउनुभयो । यसले पर्यटकलाई थप आकर्षण गर्ने छ । पवित्र उद्यान क्षेत्र घेर्ने परिक्रमा पोखरी सफा गरेर सौन्दर्यसम्बन्धी कामसमेत भइरहेको छ । सौन्दर्यसम्बन्धी कामसँगै अन्य पूर्वाधार निर्माणका कामसमेत अहिले भइरहेका छन् । महामारी पूर्ण रूपमा अन्त्य भएपछि आउने स्वदेशी विदेशी पर्यटकले लुम्बिनीमा फरक अनुभूति गर्ने गरी लुम्बिनी सिङ्गार्ने काम भइरहेको विकास कोषले जनाएको छ ।

# प्राडा वाग्लेद्धारा अक्षय छात्रवृत्ति कोष स्थापना

पोखरापत्र संवाददाता
दमौली, २ भदौ

व्यास नगरपालिका-२ निवासी प्रा डा ईश्वरचन्द्र वाग्लेले आफ्ना मातापिताका नाउँमा रु एक लाख ५१ हजार १११ को अक्षय छात्रवृत्ति कोष स्थापना गर्नुभएको छ ।

व्यास-१ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पसमा प्रा डा वाग्लेले मातापिता केशव-पार्वतीका नाउँमा उक्त कोष स्थापना गर्नुभएको हो । उहाँले यसअघि छात्रवृत्ति कोषमा रु एक लाख एघार हजार रु १११ को छात्रवृत्ति कोष स्थापना गर्नुभएकामा मङ्गलबार पुनः रु चालिस हजार थप गरी उक्त रकम बराबरको कोष पुऱ्याउनुभएको हो ।

विगतमा २७ वर्ष सोही क्याम्पसमा नेपाली विषयको अध्यापन गरी अवकाश लिनुभएका प्रा डा वाग्लेले क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष बुद्धिमान श्रेष्ठमार्फत क्याम्पस प्रमुख महाप्रसाद हड्खलेलाई रकम हस्तान्तरण गर्नुभयो ।

# साफ च्याम्पियनसिपमा नेपालले पहिलो खेल माल्दिभ्ससँग खेल्ने

रासस
काठमाडौं, २ भदौ

दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ च्याम्पियनसिप) को १३औँ संस्करणमा नेपालले पहिलो खेल आयोजक माल्दिभ्ससँग खेल्ने भएको छ ।

नेपाल र माल्दिभ्सबीचको खेल आगामी असोज १५ गते माल्दिभ्सको मालेस्थित राष्ट्रिय फुटबल रङ्गशालामा हुनेछ । दक्षिण एशियाली फुटबल महासङ्घ (साफ)ले आज साफ च्याम्पियनसिपको खेल तालिका सार्वजनिक गरेको हो । नेपालले लिग चरणअन्तर्गत दोस्रो खेल असोज १७ गते श्रीलङ्कासित, असोज २२ गते तेस्रो खेल भारतसँग तथा चौथो खेल बङ्गलादेशसित असोज २४ गते खेल्ने तय भएको छ । पाँच राष्ट्र सहभागी साफ च्याम्पियनसिप असोज १५ देखि २७ गतेसम्म सञ्चालन हुनेछ । शीर्ष दुई टोलीबीच फाइनल खेल हुनेछ । साफ च्याम्पियनसिपको तयारीका लागि नेपाली फुटबल टोली हाल कास्कीको पोखरामा रहेको छ । उक्त टोलीलाई मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले प्रशिक्षण दिइरहनुभएको छ । बन्द प्रशिक्षणमा २८ खेलाडी रहनुभएको छ । साफ च्याम्पियनसिपअघि नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ । नेपालले काठमाडौँको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा यही भदौ १७ र २० गते भारतसित मैत्रीपूर्ण खेल खेल्ने एन्फाले जनाएको छ । बन्द प्रशिक्षणमा किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, अर्पण कार्की, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, सुरज जिउ ठकुरी, सुमन लामा, कमल थापामगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पुजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनिल बल, मनिष डाँगी, अन्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ, आशिष लामा, अभिषेक रिजाल र शिशिर लेखी रहनुभएको छ ।

# विकास बैंकहरूले मागे ब्रोकर लाइसेन्स

रासस
काठमाडौं, २ भदौ

विकास बैंकहरूले सहायक कम्पनीमार्फत शेयर ब्रोकरको काम गर्ने बाटो खोलिदिन सरकारसँग आग्रह गरेका छन् । विकास बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) को संस्था डेभलपमेन्ट बैंकर्स एसोसिएशनले धितोपत्र बोर्डलाई पत्र लेख्दै विकास बैंकलाई पनि शेयर ब्रोरकको काम गर्ने बाटो खुल्ला गरिदिन आग्रह गरेको हो ।

एसोसिएशनले आज एक विज्ञप्ति जारी गर्दै धितोपत्र बोर्डसँग सेयर ब्रोकरको काम गर्न अनुमति माग गरेको हो । 'धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा ६२ मा बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बैंक वा वित्तीय संस्थाले आफ्नो सहायक कम्पनीमार्फत मात्र धितोपत्र व्यवसाय गर्न पाउने गरी तोकिदिन सक्नेछ' भन्ने व्यवस्था छ । सोही ऐनलाई कार्यान्वयन गर्न धितोपत्र बोर्डले बनाएको धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को दफा ७ को १ नं बुँदामा 'क' वर्गका बैंक वा विशेष ऐनद्वारा स्थापित वित्तीय संस्थाको कम्तीमा ५१ प्रतिशत स्वामित्व भएको सहायक कम्पनीले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र दलाल वा धितोपत्र व्यापारीको कार्य गर्न सक्नेछ' भन्ने व्यवस्था जनाइएको छ ।

विकास बैंकहरूले कम्पनी ऐन २०६३ अनुसार स्थापना भई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ अनुसार नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त लिई बैंकिङ सेवा प्रदान गर्दै आएका छन् ।

राष्ट्रियस्तरका विकास बैंकहरूको औसत चुक्ता पूँजी रु तीन अर्ब ४० करोड नाघिसकेको छ भने एक हजारभन्दा बढी शाखाबाट करिब ४१ लाख सेवाग्राहीलाई बैंकिङ सेवा प्रदान गर्दै तीन लाखभन्दा बढी ग्राहकलाई कर्जा प्रवाह भइरहेको छ । यसैगरी २०७८ साल असार मसान्तसम्ममा रु चार खर्ब ४५ अर्ब निक्षेप परिचालन गरी रु तीन खर्ब ८३ अर्ब कर्जा प्रवाह गरेका छन् ।

# नेता नेपालसहित १४ सांसदद्वारा कारबाही नगर्न आग्रह

रासस
काठमाडौं, २ भदौ

नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालसहित १४ जना प्रतिनिधिसभा सदस्यले आफूहरूलाई पदमुक्त नगर्न सङ्घीय संसद् सचिवालयमा पत्र बुझाएका छन् । गत वैशाख २७ गते तत्कालीन प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई संसद्मा विश्वासको मत दिने बैठकमा मत नदिएको र गत साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको नीति विपरीत विश्वासको मत दिएको स्थितिमा एमालेले ती सांसदलाई कारबाही गर्न यही भदौ १ गते सङ्घीय संसद् सचिवालयमा पत्र पठाएको थियो ।

एमालेले राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ बमोजिम कारबाहीका लागि सिफारिस गरेको जनाए पनि आफूहरूले उक्त कानुन विपरीत हुने गरी कुनै कार्य नगरेकाले कारबाही नगर्न आज आग्रह गर्दै ती सांसदले माग गरेका हुन् । कारबाहीका लागि सिफारिस गरिएकामा जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरला यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरी रहनुभएको छ । एमालेमा असन्तुष्ट रहँदै आएको सो पक्षले नयाँ अध्यादेशबमोजिम आजै नयाँ दल दर्ताको प्रक्रिया सुरु गरेको छ ।

